# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

भाग २

खण्ड ७ :संख्या : १२ मिति : २०८१/०४/०१

# गाउँपालिका अनुदान शिक्षक तथा विद्यालय कर्मचारी तलब भत्ता व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ (प्रथम संशोधन २०८१)

## गाउँपालिका अनुदान शिक्षक तथा विद्यालय कर्मचारी तलब भत्ताव्यवस्थापन सम्बन्धी निर्देशिका २०७६ (प्रथम संशोधन २०८१)

प्रस्तावनाः

नेपालको संविधान २०७२ को कार्यान्वयन संगै देश संघियतामा प्रवेश गरेको र संविधानले नै जनताको शिक्षाको अधिकार तीन तहकै सरकारको अधिकार र दायित्व भित्र राखेको र माध्यामिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानिय तहको एकल अधिकार भित्र रहने संवैधानिक व्यवस्था गरेकाले सो अधिकार तथा दायित्वलाई व्यवस्थापन तथा नियमनका लागि यस पूर्वीचौकी गाँउकार्यपालिकाबाट पूर्वीचौकी गाँउपालिकाको स्थानिय शिक्षा ऐन, २०७५ संशोधन जारी भएको र उक्त ऐनको दफा ६२को उपदफा (१) ले आवश्यक निर्देशिका लागु गर्न सक्ने अधिकार प्रदान गरेकोले पूर्वीचौकी गा.पा को स्थानिय शिक्षा ऐनको दफा ४६ मा भएको अनुदानको व्यवस्थापन गर्ने उद्देश्यले पूर्वीचौकी गा.पा को गाँउकार्यपालिकाले यो निर्देशिका जारी गरेको हो ।

### परिच्छेद १

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशिकाको नामः पूर्वीचौकी गाउँपालिकाअनुदान शिक्षक तथा विद्यालय कर्मचारी तलब भत्ता रकम व्यवस्थापन सम्वन्धी निर्देशिका २०७६ संशोधन सहित रहने छ ।

ख) यो निर्देशिका गाँउकार्यपालिकाले स्वीकृति प्रदान गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) गाँउपालिका भन्नाले पूर्वीचौकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) गाँउसभा भन्नाले पूर्वीचौकी गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्दछ ।

ग) अध्यक्ष भन्नाले गाँउपालिकामा अध्यक्ष र वडाको हकमा वडाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ) उपाध्यक्ष भन्नाले पूर्वीचौकी गाँउपालिकाका उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

ङ)वडा भन्नाले पूर्वीचौकी गाँउपालिकाको १ देखि ७ वडालाई सम्झनु पर्दछ ।

च) प्रमुख प्रशासकीय अधिकृतभन्नाले पूर्वीचौकी गाँउपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

€ दोस्रो संशोधनबाट परिवर्तित ।

CS CamScanner

छ) स्थानीय शिक्षा ऐन भन्नाले पूर्वीचौकी गाँउपालिकाको स्थानीय शिक्षा ऐन,२०७५ लाई सम्झनु पर्दछ ।

ज) शैक्षिक अनुदान भन्नाले पूर्वीचौकी गाँउपालिकाको स्थानीय शिक्षा ऐनको दफा ४६ बमोजिम गाँउपालिका वाट विनियोजन गरेको रकमलाई सम्झनु पर्दछ ।

झ) गाँउ शिक्षा समिति भन्नाले पूर्वीचौकी गाँउपालिकामा गठित शिक्षा समिति सम्झनु पर्दछ ।

ञ) अनुदानशिक्षक भन्नालेपूर्वीचौकी गाँउपालिकाको स्थानीय शिक्षा ऐन २०७५ को दफा ४६ वमोजिमको शैक्षिक अनुदान तलव भत्ता खाने गरी नियुक्त शिक्षकलाई सम्झनु पर्दछ ।

ट) सामाजिक परीक्षण भन्नाले सरोकारवालाको भेलाले आयोजना गरी परिमाणात्मक तथा गुणात्मक अवस्थाले लेखाजोखा कार्यलाई सम्झनु पर्दछ ।

ठ) विघालय भन्नाले शैक्षिक अनुदान प्राप्त गर्नका लागि छनौटमा परेका विघालयलाई सम्झनु पर्छ। यस शब्दले बालविकास केन्द्र समेतलाई सम्झनुपर्दछ ।

ठ) गाँउ शिक्षा समिति भन्नाले पूर्वीचौकी गाँउपालिकाको शिक्षा समितिलाई सम्झनु पर्दछ ।

ड) कर्मचारी भन्नाले पूर्वीचौकी गाँउपालिकाको अनुदान रकमवाट तलव भत्ता पाउने गरी विघालयमा नियुक्त भएको कार्यालय सहयोगी, कम्प्युटर अपरेटर, प्रशिक्षक, प्रशासन सहायक तथा पुस्तकालय व्यवस्थापक समेत लाई सम्झनु पर्दछ ।



दोस्रो संशोधनवाट परिवर्तित ।

CamScanner

## परिच्छेद २

### शैक्षिक अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकको नियुक्ति सम्बन्धीव्यवस्था

३. शिक्षक अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकको नियुक्ति सम्बन्धीव्यवस्था देहाय बमोजिम हुनेछः

क) गाँउपालिकाबाट शैक्षिक अनुदान शीर्षकबाट तलब भत्ता उपभोग गर्ने गरी कार्यरत शिक्षक तथा कर्मचारीहरुका लागि प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गरी सो शैक्षिक अनुदानका आधारमा विद्यालयले अनुदान शिक्षक तथा कर्मचारीसंग सेवा सुविधा, काम कर्तव्य र अधिकारको स्पष्ट व्यवस्थाको उल्लेख गरी करार सम्झौता गर्ने र सो को जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ।

ख) गाउँपालिका अनुदान शिक्षक तथा कर्मचारीको कुनै कारणले पद रिक्त हुन गएमा सो पदको पदपूर्ति पूर्वाचौकी गा.पा. को स्थानीय शिक्षा ऐन,२०७५संशोधनसहित बमोजिम गर्नुपर्नेछ। यसरी नियुक्त शिक्षक तथा कर्मचारी संग विद्यालयले यसै निर्देशिका बमोजिम करार सम्झौता गरी ६/६ महिनाका लागि म्याद थप गरी गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

ग) यो निर्देशिका लागु हुनु भन्दा पहिले गाउँपालिकाअनुदानबाट तलब भत्ता उपभोग गर्ने गरी कार्यरत शिक्षक तथा कर्मचारीहरु स्वतः प्रक्रिया भित्र रहेको मानिने छ।

€ दोस्रो संशोधनबाट परिवर्तित ।

## परिच्छेद ३

४. गाउँपालिका अनुदानबाट तलब भत्ता खानेगरी नियुक्त शिक्षक तथा कर्मचारीको तलब भत्ता तथा सेवा शर्तहरु:

क. गाँउपालिकाबाट विनियोजन भएको शिक्षक तथा कर्मचारी अनुदान रकमबाट तलब भत्ता प्राप्त गर्ने गरी कार्यरत शिक्षक तथा कर्मचारीतलब भत्ता र सेवा सुविधा सम्बन्धितव्यवस्था देहाय बमोजिम हुनेछ:

ख) आ.व. २०७६/७७ संशोधन सहित निर्देशिका २०८० का देहायको दरमा मासिक तलब भत्ता र चाडवाड खर्च बापत थप एक महिनाको तलब भत्ता प्राप्त गर्न सक्नेछन्। तलब भत्ता तथा चाडपर्व खर्च बाहेक अन्य सुविधा प्रदान गरिने छैन ।

गा.पा अनुदान सबै किसिमका शिक्षक तथा कर्मचारीको तलब भत्ता निम्नानुसार हुनेछः

| | |
|---|---|
| वालशिक्षा स.क | मासिक तलब १७००० हजार€ |
| आधारभुत तह (कक्षा १-५) शिक्षक | मासिक तलब २२००० हजार€ |
| आधारभुत तह (कक्षा ६-८) शिक्षक | मासिक तलब २५००० हजार€ |
| माध्यामिक तह(कक्षा ९-१०) शिक्षक | मासिक तलब ३०००० हजार€ |
| माध्यामिक तह(कक्षा ११-१२) शिक्षक | मासिक तलब ३५००० हजार |
| पुस्तकालय व्यवस्थापक | मासिक तलब १५००० हजार |
| कम्प्युटर अपरेटर | मासिक तलब १५००० हजार |
| कार्यालय सहयोगी | मासिक तलब १५००० हजार |
| प्रशासन सहायक | ५ औं तह ना.सु सरह(सो को सेवा सुविधा विधालय र गा.पा. को स्रोत अनुसार हुनेछ) |
| प्राविधिक शिक्षामा नियुक्त करार प्रशिक्षक Civil तथा अन्य को हकमा | गा.पा., विधालय व्यवस्थापन समिति र करार प्रशिक्षक हरुको सहमति र सम्झौता अनुसार हुने छ । |

ग)गाउँपालिका अनुदान शिक्षक कर्मचारीको योग्यता काम, कर्तव्य र अधिकार पूर्वीचौकी गाउँपालिका को स्थानीय शिक्षा ऐन, २०७५ बमोजिम हुनेछ। अन्यको हकमा सम्झौता बमोजिम हुनेछ ।

€ दोस्रो संशोधनबाट परिवर्तित ।

## परिच्छेद ४

## शिक्षक अनुदान रकम निकासा र लेखा व्यवस्थापन प्रक्रिया

५. गाउँपालिकाबाट शैक्षिक अनुदान रकम निकासा र लेखा व्यवस्थापन प्रक्रिया देहाय बमोजिम हुनेछ:

क) शैक्षिक अनुदान प्राप्त गर्न विद्यालयले गाउपालिकाको यसै निर्देशिकाको परिच्छेद ४ को (ख)बमोजिमको तलब भत्ता निकासा गर्न परिच्छेद ३ को प्रक्रिया सम्बन्धित विद्यालयले पुरा गरी गाउँपालिका शिक्षा शाखा मार्फत पेश गर्नुपर्ने छ।

ख) गाउपालिकाले खण्ड(क)बमोजिम पेश भएका कागजात मूल्यांकन गरी शिक्षक कर्मचारीको तलबभत्ता वाफतको रकम विद्यालयको नाममा रहेको बैंक खातामा निकासा गर्नुपर्नेछ ।

ग) खण्ड(ख) बमोजिमको श्रेस्ताको विद्यालयले लेखापरीक्षण गराउनु पर्नेछ ।

घ) यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा आएमा त्यसलाई फुकाउने अधिकार गाउँ शिक्षा समितिमार्फत गाँउ कार्यपालिकामा रहनेछ ।

आज्ञाले

विक्रम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

€ दोस्रो संशोधनवाट परिवर्तित ।



CS CamScanner